# राष्ट्रिय मानव अधिकार आयोग
## National Human Rights Commission
केन्द्रीय कार्यालय, Central Office
हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal

**प्रेस विज्ञप्ति**

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७२ असोज १५ गते

### दुधमति किनारमा भेटिएका शवहरुको सम्बन्धमा आयोगले सत्यतथ्य बुझ्ने

२०७२ असोज १४ गते धनुषा जिल्लाको हुलाकी सडकमा मानव साङ्लो बनाउने लोकतान्त्रिक मधेसी मोर्चाको कार्यक्रमको अनुगमनको सन्दर्भमा आयोगको क्षेत्रीय कार्यालय जनकपुरबाट टोली खटिएको अवस्थामा जनकपुर उपमहानगरपालिकाको पश्चिम तर्फ अवस्थित बसविट्टी गाउँ नजिकको दुधमति नदिको किनारमा गाड्नका लागि रिक्शामा लैजादै गरिएको वेवारिसे भनिएका ३ वटा मानव शव स्थानीय बासिन्दाले घेराउ गरी गाड्न नदिई विवाद उत्पन्न भएको घटनाप्रति राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।

उक्त, शवहरु लिइ जाने दुई जना रिक्सा चालक र एक जना सहयोगीसँग सोधपुछ गर्दा सोही नदिको किनारमा गाडिएका थप चार वटा शवहरु खनेर निकालिएको आयोगको प्रारम्भिक अनुगमनबाट पाइएको छ ।

रिक्सामा भेटिएका तीन वटा शवहरुका कारण उत्पन्न असहज परिस्थितिबाट दुई जना रिक्सा चालक र एक जना सहयोगीको जिवन रक्षार्थ आयोगको अनुगमन टोलीले लोकतान्त्रिक मधेसी मोर्चा तथा अन्य राजनीतिक दलको सहयोगमा उद्दार गरेको छ ।

विवाद पश्चात धनुषामा उत्पन्न असहज परिस्थितिलाई सहज तुल्याउन आयोगको टोलीले राजनीतिक दल, प्रहरी प्रशासनसँग समन्वय गरी असोज १४ गते राती नै जनकपुर अञ्चल अस्पतालमा ७ वटा शवहरु सुरक्षित राखि घटनाको सम्बन्धमा सत्य तथ्य संकलन गर्ने कार्य आरम्भ गरेको छ । घटनाको सम्बन्धमा थप अनुसन्धान गर्न आयोगले केन्द्रीय कार्यालयबाट समेत अनुसन्धान टोली खटाएको छ ।

घटनाको सम्बन्धमा सत्य तथ्य सार्वजनिक हुनु अघि नै उक्त घटनालाई लिई असामान्य परिस्थिति सिर्जना हुन नदिई आयोगको अनुसन्धान प्रक्रियालाई आवश्यक सहयोग पुऱ्याउन आयोग आन्दोलनरत राजनीतिक दलहरु तथा प्रहरी प्रशासनलाई आग्रह गर्दछ ।

मोहना अन्सारी

सदस्य तथा प्रवक्ता

फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal,
Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org